फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## ब्लक विकास कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

**सूचना नं ३/०८२/८३**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०७**

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तरगत तपशिल अनुसारको क्षेत्रमा कफि ब्लक विकास कार्यक्रम लागत साझेदारीमा संचालन गर्नु पर्ने भएकाले ब्लक विकास कार्यक्रमका लागि निर्धारित क्षेत्र भित्रका इच्छुक योग्य आवेदकहरु (कृषि सहकारी/कृषक समुह/जल/ वन उपभोक्ता समिति तथा कृषि फर्म वा कम्पनी) लाइ यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०८/२८) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेलमा पेश गर्नुहुन **" प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७"** को दफा ४.२.९ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत आवेदन दर्ता गर्न इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/ को **आयोजना/कार्यक्रम माग आवेदन फारम** भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रमको **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु पुर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| कार्यक्रमको नाम | न्युनतम क्षेत्रफल (हे.) | बजेट रु. लाखमा | बाली वस्तु | ब्लक संचालन हुने स्थानिय तह | संचालन हुने ब्लक संख्या |
|---|---|---|---|---|---|
| ब्लक विकास कार्यक्रम | ७० | २५.२५ | कफि | महाभारत गाँउपालिका | २ |

**प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरुः**

१. रु १० को टिकट टाँस सहित कार्यक्रम उल्लेख गरिएको निवेदन माग फारम।
२. परियोजना कार्यान्वयन म्यानुअलको अनुसुचि १० बमोजिमको ढाँचामा तयार गरिएको प्रस्तावना पत्र।
३. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पत्रको प्रतिलिपि, कार्यक्रम माग, संचालन सम्बन्धि र अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छाँयाकपी।
४. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपी।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

५. समुह/सहकारी/समिति/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु ।

६. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सम्बन्धि आवश्यक सिफारिस पत्र।

७. कार्यक्रम संचालन गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपि साथै संग्लग्न हुने कृषकहरुको नामावली विवरण ।

८. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सोहि कामका लागि सहयोग लिए/नलिएको स्व-घोषणा।

९. कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

**पुनश्च:**

- अनलाइन मार्फत प्रस्ताव पेश गर्ने आवेदकहरुले उल्लेखित सम्पूर्ण कागजातहरु अनलाइन प्रणाली मार्फत नै पेश गर्नुपर्नेछ, इमेल मार्फत पेश गर्न पाइने छैन र प्रारम्भिक चरणमा छनौट भएको खण्डमा पेश गरेका सक्कल कागजातहरु स्थलगत प्रमाणिकरणका क्रममा अनिवार्य देखाउनुपर्नेछ अन्यथा आवेदक छनौटको लागि अन्तिम मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।
- विगत तीन आ.व.मा कुनै पनि कार्यक्रममा छनौट नभएका आवेदकलाई प्राथमिकता दिइनेछ।

कुञ्ज प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CamScanner